# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७७।०३।१२ गते।

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

जिल्ला सिन्धुली, तीनपाटन गाउँपालिका वडा नं. १० मा सेवाग्राहीले सञ्चालन गरेको कुखुरा फर्मको पुरानो काठ सोही गाउँपालिकाको वडा नं. ९ मा लैजान दिने भनी घुस/रिसवत रकम माग गरी उक्त घुस/रिसवत रकम लिई पुरानो काठ लैजान दिएको भन्ने निवेदनको अधारमा ईलाका प्रहरी कार्यालय डकाहा, सिन्धुलीबाट खटिई गएको टोलीले जिल्ला सिन्धुली तीनपाटन गाउँपालिका वडा नं. १० स्थित डकाहा चकमके जाने कच्ची सडकबाट मिति २०७७।०२।२१ गते श्री जनकल्याण वैज्ञानिक वन व्यवस्थापन सा.व.उ.स., तीनपाटन गाउँपालिका, वडा नं. १० सिन्धुलीका कोषाध्यक्ष मिन बहादुर घोलेको साथबाट रु.३,००,०००/- (तीन लाख) र जनसेवा वैज्ञानिक वन व्यवस्थापन सा.व.उ.स., तीनपाटन गाउँपालिका, वडा नं. १० सिन्धुलीका कोषाध्यक्ष तिर्थ बहादुर रानाको साथबाट रु.३०,५००/- (तीस हजार पाँच सय) घुस/रिसवत बापतको रकम बरामद गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय वर्दिबासमा दाखिला हुन आएको हुँदा निजहरुलाई आयोगको नियन्त्रणमा राखी अनुसन्धान भइरहेको थियो ।

अनुसन्धानको सिलसिलामा जिल्ला सिन्धुली तीनपाटन गाउँपालिका वडा नं. १० स्थित जनकल्याण सामुदायिक वन उपभोक्ता समितिका कोषाध्यक्ष मीन बहादुर घोलेले सेवाग्राहीले प्रयोग गरेका पुराना काठपातहरु जिल्ला सिन्धुली तीनपाटन गाउँपालिका वडा नं. १० बाट ऐ. वडा नं. ९ मा लैजान लाग्दा उक्त काठ रोकी रु. ३,००,०००।— (तीन लाख) घुस/रिसवत माग गरी लिएको तथ्य पुष्टि हुन आएको देखिंदा निजले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) अनुसारको कसुर भएकोले निज मीन बहादुर घोलेलाई बिगो रु. ३,००,०००।— कामय गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन एवं बिगो रकम सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम जफत हुन मागदाबी लिइएको छ ।

साथै जिल्ला सिन्धुली तीनपाटन गाउँपालिका वडा नं. १० मा स्थित जनसेवा सामुदायिक वन उपभोक्ता समितिका कोषाध्यक्ष तीर्थ बहादुर रानाले सेवाग्राहीले प्रयोग गरेका पुराना काठपातहरु जिल्ला सिन्धुली तीनपाटन गाउँपालिका वडा नं. १० बाट ऐ. वडा नं. ९ मा ढुवानी गर्न छाडिदिने प्रयोजनको लागि रु. ३०,५००।—(तीस हजार पाँच सय) घुस/रिसवत माग गरी लिएको तथ्य पुष्टि हुन आएकोले निजले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) अनुसारको भएकोले निज तीर्थ बहादुर रानालाई बिगो रु. ३०,५००।— कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम सजाय हुनका साथै बिगो रकम सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम जफत हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला